मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# शिक्षा, युवा तथा खेलकूद शाखा

रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल

प.स. २०७५/०७६ (शिक्षा)
च.न. ०१

मिति : २०७५।४।७

**श्री सम्बन्धित सबै,**

**विषय : पाठ्यपुस्तक वितरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा मुसिकोट नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा पाठ्यपुस्तक वितरण कार्यलाई आवश्यक पर्ने यथार्थ विद्यार्थी र अनिवार्य तथा ऐच्छिक विषयको संख्या एकिन गरी थप सहज, व्यवस्थित र नियमन गर्नुपर्ने भएको र आ-आफ्नो पालिकागत रुपमा तथ्याङ्क संकलन, एकिन तथा सत्यापन गरेर मात्र पा.पु. निकासा तथा वितरण गर्दा समयमै विद्यार्थीको हातमा पुग्ने भएकोले यस न.पा. भित्रका सामुदायिक विद्यालयमा पा.पु. पुर्याउने गरी जनक शिक्षा सामग्री केन्द्रबाट नियमानुसार अनुमति लिएका पुस्तक वितरक/एजेन्टहरुले यस यस न.पा.मा समेत सुचिकृत हुनको लागि अनुरोध छ ।

जनक शिक्षा सामग्री केन्द्रबाट प्राप्त स्टक पुस्तकहरु सम्बन्धित निकायबाट प्रमाणित गराएर मात्र पा.पु.को विल जारी गनुहुन अनुरोध छ । जनक शिक्षाबाट प्राप्त र स्टकभन्दा बढी संख्यामा वा विद्यालयमा विद्यार्थीहरुलाई उपलब्ध गराएको भर्पाइभन्दा बढीको विल जारी गरेको पाइएमा सम्बन्धित पुस्तक विक्रेता वा वितरकलाई नियमानुसार कारवाहीको दायरामा ल्याइने छ ।

साथै यस न.पा. भित्र अव उप्रान्त पा.पु. वितरक नियुक्ति नविकरण गर्दा न.पा.को सिफारिस अनिवार्य लिनुहुन अनुरोध छ । न.पा.को अनुमति/सिफारिस वेगर न.पा. भित्रका विद्यालयमा गरिएको कारोवारलाई मान्यता दिइने छैन ।

.....................
(बिनाराम खड्का)
शिक्षा अधिकृत

बिनाराम खड्का
शिक्षा अधिकृत